# वित्तीय जवाफदेहिता पालना मूल्याङ्कन कार्यविधि - २०७४

सार्वजनिक वित्तीय स्रोत साधनको परिचालन, उपयोग र प्राप्त नतिजा एबं व्यवस्थापकीय पक्षको उचित मूल्याङ्कन गरी प्रतिवेदनमार्फत सरोकारवालालाई जानकारी गराई पारदर्शिता र जवाफदेहिता प्रर्वद्धन गर्दै सुशासन कायम गर्ने लक्ष्य प्राप्तिका लागि महालेखा परीक्षकको कार्यालय कार्यरत रहेको छ । तथापि लेखापरीक्षण नतिजाको कार्यान्वयन प्रभावकारी नहुँदा अपेक्षित प्रभाव पर्न सकेको छैन । लेखापरीक्षण नतिजाको कार्यान्वयनमार्फत प्रभाव बढाउन सार्वजनिक पदमा बहाल रहेका जिम्मेवार पदाधिकारीहरुलाई विशेष जिम्मेवारी दिनु पर्दा साबिकको कार्यसम्पादनमा आर्थिक अनुशासन वा वित्तीय जवाफदेहिताको स्तरमापन गर्ने कार्य थालनी गरिएको छ । उक्त कार्यलाई व्यवस्थित गर्न जरुरी भएकोले यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम “वित्तीय जवाफदेहिता पालना मूल्याङ्कन कार्यविधि - २०७३” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) “बेरुजू” भन्नाले लेखापरीक्षणको क्रममा आर्थिक कार्यविधि ऐनबमोजिम महालेखा परीक्षकको कार्यालयले औंल्याएको बेरुजू सम्झनुपर्दछ ।

ख) “प्रस्तावित व्यक्ति” भन्नाले विशेष जिम्मेवारी दिने प्रयोजनको लागि प्रस्ताव गरी वित्तीय जवाफदेहिताको स्तरमापन गर्न विवरण माग गरिएको पदाधिकारी सम्झनुपर्छ ।

ग) “जिम्मेवार व्यक्ति” भन्नाले आर्थिक कार्यविधि ऐन, २०५५ बमोजिमको जिम्मेवार व्यक्ति सम्झनुपर्दछ ।

घ) “कार्यालय” भन्नाले महालेखा परीक्षकको कार्यालयलाई सम्झनुपर्छ ।

ङ) “गम्भीर प्रकृतिको बेरुजू” भन्नाले राज्यलाई नोक्सानी पुऱ्याएको, बढी दायित्व सिर्जना गरेको, राज्यलाई प्राप्त हुनुपर्ने राजस्ब गुमेको आदि व्यहोरालाई सम्झनुपर्छ ।

च) “महानिर्देशनालय” भन्नाले महालेखा परीक्षकको कार्यालयका महानिर्देशनालय सम्झनुपर्छ ।

३. **वित्तीय जवाफदेहिताको स्तरमापनका आधारहरुः** १) कार्यालयले वित्तीय जवाफदेहिताको स्तरमापन गर्न लेखापरीक्षणको क्रममा औंल्याएका बेरुजूलाई आधार लिनेछ ।

२) वित्तीय जवाफदेहिताको स्तरमापन गर्दा प्रस्तावित व्यक्तिको नाममा फछ्र्यौट नभएको असुल उपर गर्नुपर्ने बेरुजू र पेश्की बाँकीं रहे नरहेको पहिचान गरिनेछ ।

३) प्रस्तावित व्यक्तिले पदीय जिम्मेवारी निर्वाह गर्दा वा जिम्मेवार व्यक्ति भई कामकाज गर्दा गम्भीर प्रकृतिको र आर्थिक हिनामिना भएको बेरुजू कार्यालयबाट औंल्याई महालेखा परीक्षकको प्रतिवेदनमा समावेश भए नभएको परीक्षण गरिनेछ ।

महालेखापरीक्षकको प्रतिवेदनमा समावेश भन्नाले अङ्क तथा सैद्धान्तिक व्यहोरा समावेश भएकोलाई मानिनेछ ।

४) जिम्मेवार व्यक्ति भई काम नगरेको तर पदीय दायित्व निर्बाह गर्ने क्रममा अन्तीम निर्णयकर्ताको रुपमा काम गर्दा गरेको निर्णयको सम्बन्धमा बेरुजू भए नभएको सम्बन्धमा समेत मूल्याङ्कन गरिनेछ ।

५) वित्तीय जिम्मेवार वहन गर्ने पदाधिकारीहरुले आफूलाई तोकेको जिम्मेवारी पूरा गरे नगरेको समेत मूल्याङ्कन गरिनेछ ।

६) माथि जुनसुकै कुरा उल्लेख भएपनि औंल्याएको बेरुजू फछ्र्यौट भैसकेको भए गणना गरिनेछैन ।

७) वित्तीय जवाफदेहिताको स्तर मूल्याङ्कन गर्न विगत १० वर्षको अवधिको बेरुजू लगतलाई आधार मानिनेछ ।

४. **सिफारिस वा विवरण दिने प्रक्रियाः** १) प्रस्तावित व्यक्तिको वित्तीय जवाफदेहिताको स्तरबारे जानकारी वा विवरण प्राप्त गर्न चाहाने नेपाल सरकारका निकायले अनुसूची १ बमोजिमको ढाँचामा निजले जिम्मेवार व्यक्ति भई कार्य गरेको निकाय । आयोजनाको नाम तथा अवधि खुलाई महालेखा परीक्षकको कार्यालयमा पत्राचार गर्नुपर्नेछ ।

२) पत्राचारसँगै निजामती किताबखानाको व्यक्तिगत अभिलेख लिई विभिन्न कार्यालयमा कार्यरत रहेको र जिम्मेवार व्यक्ति भई कार्य गरेको अवधि खुल्ने विवरण समेत संलग्न गर्नुपर्दछ ।

३) नेपाल सरकारका निकायबाट पत्र प्राप्त भएमा व्यवस्थापन महानिर्देशनालयले प्रस्तावित व्यक्ति कार्यरत निकाय पहिचान गरी सो लेखापरीक्षण गर्ने महानिर्देशनालयलाई वित्तीय जवाफदेहिताको स्तर मूल्याङ्कन गरी सूचना उपलब्ध गराउन पत्राचार गर्नेछ ।

४) सम्बन्धित महानिर्देशनालयले दफा ४ मा उल्लिखित आधारहरु परीक्षण गरी देखिएको अवस्था खुलाई ३ दिनभित्र नायब महालेखा परीक्षकबाट निर्णय गराई व्यवस्थापन महानिर्देशनालयलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

५) सूचना उपलब्ध गराउँदा प्रस्तावित व्यक्तिको फछ्र्यौट नभएको व्यक्तिगत नामको बेरुजू पेश्की र निज जिम्मेवार व्यक्ति भई कार्यरत रहँदाको बेरुजू लगत प्रति समेत समावेश गरी सूचना उपलब्ध गराउनुपर्नेछ ।

६) व्यवस्थापन महानिर्देशनालयले सूचना प्राप्त हुनासाथ अनुसूची २ बमोजिमको ढाँचामा प्रस्तावित व्यक्तिको वित्तीय जवाफदेहिताको स्तर सम्बन्धी विवरण उपलब्ध गराउनेछ ।

७) गम्भीर प्रकृतिको बेरुजू वा आर्थिक अनियमितता हो होइन भन्ने सम्बन्धमा महालेखा परीक्षकको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १

श्री महालेखा परीक्षकको कार्यालय,
व्यवस्थापन महानिर्देशनालय ।

विषयः **वित्तीय जवाफदेहिताको स्तर सम्बन्धी सूचना उपलब्ध गराइदिने बारे ।**

त्यस कार्यालयले लेखापरीक्षण गरेको आधारमा देहायका पदाधिकारीहरुको वित्तीय जवाफदेहिता स्तरमापन सम्बन्धी सूचना उपलब्ध गराइदिन निजामती किताबखानाबाट प्राप्त विभिन्न कार्यालयमा कार्यरत रही कार्य गरेको अवधि खुल्ने विवरण समेत संलग्न गरी अनुरोध गर्दछु ।

| सि.न | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय | कार्यरत अवधि | जिम्मेवार व्यक्ति भई कार्य गरेको अवधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(..........................)

अनुसूची २

श्री ..............................

.................. मन्त्रालय ।

विषयः **वित्तीय जवाफदेहिताको स्तरमापन सम्बन्धी विवरण बारे ।**

त्यस निकाय/कार्यालयबाट अनुरोध भै आएकोमा उपलब्ध भएसम्मका सूचना र यस कार्यालयले सम्पादन गरेको लेखापरीक्षण प्रतिवेदनको आधारमा देहायका पदाधिकारीहरुको वित्तीय जवाफदेहिता स्तर सम्बन्धी विवरण पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.न | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय | कार्यरत अवधि | जिम्मेवार व्यक्ति भई कार्य गरेको अवधि | असुल गर्नुपर्ने बेरुजु भए/ नभएको | जिम्मेवार व्यक्ति भई कार्य गर्दा बेरुजू भएको/नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

फछ्र्यौट नभएको बेरुजूको विवरण यसैसाथ संलग्न छ ।

(..........................)